मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

फोनः-०४८-५४०११२

प.सं.:-०७९/८०
च.नं.:-

## सेवा करारमा मेडिकल अधिकृत पदपुर्ति सम्बन्धी सूचना ।

(दोश्रो पटक प्रकाशित मिति २०७९/०४/१२)

मन्थली नगरपालिका अन्तर्गत मन्थली अस्पतालको लागि सेवा करारमा मेडिकल अधिकृत (अधिकृतस्तर आठौं) पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले देहाय वमोजिमका कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले ७ दिन वा मिति २०७९/०४/१८ गते (दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पश्चात कार्यालय खुलेको पहिलो दिन) भित्र कार्यालय समयमा तोकिएको ढाँचामा दरखास्त फारम भरी यस नगरपालिकाको कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**१.विज्ञापन नं., पद तथा आवश्यक न्यूनतम योग्यता :**

| क्र.सं. | विज्ञापन नं | पद | तह | संख्या (जना) | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|---|---|---|
| १ | १०/०७९/८० | मेडिकल अधिकृत | अधिकृतस्तर आठौं | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्रमा MBBS उत्तीर्ण गरी मेडिकल काउन्सिलमा दर्ता/ नविकरण गरेको । |

**२. सम्लग्न गर्नु पर्ने कागजातहरु:**
(क) दरखास्त फारम (ख) नागरिकता प्रमाणपत्रको प्रतिलिपि (ग) शैक्षिक योग्यता र सम्वन्धित काउन्सिलमा दर्ता/नविकरण भएको प्रमाण पत्रहरुका प्रतिलिपि (घ) तालिमका प्रमाणपत्रका प्रतिलिपीहरु (च) अनुभवका कागजातहरु (छ) नगरपालिकामा राजश्व वुझाएको भरपाइ ।

**३. उमेर हद :** दरखास्त दिने अन्तिम मिति सम्ममा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको।

**४.दरखास्त फारम लोकसेवा आयोगको वेभ साइट www.psc.gov.np वाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।**

**५. दरखास्त दस्तुर :** रु. १०००/- नगरपालिकाको राजश्व उपशाखामा नगदै रकम वुझाइ वा यस कार्यालयको नाममा रहेको रा.वा.वैंक मन्थली शाखाको आन्तरिक राजश्व खाता (ग.१.१) १६८०१००३०१०१०००२ मा रकम जम्मा गरेको सक्कलै भरपाइ पेश गर्नुपर्ने ।

**६. छनौटको किसिम :** छोटोसूचि प्रकाशन, प्रयोगात्मक र अन्तरवार्ता ।

**७. परीक्षा मिति :** दरखास्त दिने अन्तिम मिति पश्चात नगरपालिकाको सूचनापाटी र वेभसाइटमा सूचना प्रकाशन गरिनेछ ।

**८. सेवा तथा सुविधा :** नेपाल सरकारले तोके बमोजिम ।

**९. करार अवधि :** २०७९ पौष मसान्त सम्म ।

**१०. प्राथमिकता :** माथिल्लो शैक्षिक योग्यता भएका, स्थानीय र कामको अनुभव भएका ।

*थप जानकारिका लागि मन्थली नगरपालिकाको प्रशासन शाखा वा फोन नं ०४८-५४०५३२ मा सम्पर्क गर्न सकिनेछ ।*

प्रमुख प्रशासकीय अधिकृत